बैठक संख्या - २

बिहान ८:०० बजे

उपस्थिती -

श्री भोजराज खतिवडा - कार्यकारी अधिकृत धरान नगरपालिका

आज मिति २०६०।०५।११ मा धरान नगरपालिका कार्यसंचालन समितिको बैठक बसि तपसिलको निर्णय गरियो ।

निर्णय: सुनसरी उद्योग वाणिज्य संघको संयोजनमा धरान नगरका अग्रणी संस्थाहरु, नागरीक समाज, सरकारी गैरसरकारी संघ संस्था तथा नगरका प्रमुख राजनीतिक दलहरुको मेलाबाट जेठ २२, २०६० विश्व वातावरण दिवसको अवसरमा भएको घोषणा कार्यान्वयन गर्ने क्रममा गठीत "प्लास्टिक झोला मुक्त नगर नागरीक अभियान" धरानको अभियानबाट प्राप्त भएका सुझावहरुको आधार तथा नगरको वातावरण प्रदुषण तथा दक्षिणावर्ती खोला नदीमा हुने प्रदुषण नियन्त्रण तथा उर्वराभूमीको क्षयीकरण रोक्नुपर्ने तथ्यलाई समेत मध्येनजर गर्दै सुनसरी उ.वा. संघको स्वर्ण महोत्सव २०६० भाद्र १२ गतेबाट प्लास्टिक झोलाको भण्डारण आयात, बिक्री वितरण प्रयोग समेतलाई निषेधित गर्ने नगरवासीको चाहना अनुसार हाललाई आयात, भण्डारण, बिक्री वितरण गर्नेलाई रु ५००।देखी २०००।- सम्म र प्रयोग गर्नेलाई रु १००।- देखी रु ५००।- सम्म जरिवाना गर्न सक्नेगरी कार्वाही अगाडि बढाउने निर्णय गरियो । साथै उक्त कार्यको अनुगमन र नियन्त्रणकालागि नगर प्रहरी इकाइका प्रमुखको नेतृत्वमा एक कार्यदल गठन गरी वडा प्रहरी कार्यालय, क्षेत्रीय प्रहरी कार्यालय धरानलाई समेत सहयोग पुर्‍याइदिन अनुरोध गर्ने निर्णय गरियो ।

आजको बैठक बिहान ९:५० मा समापन गरियो

माइन्युटकर्ता - भक्तिराज शर्मा - सुचना अधिकृत धरान.नपा